**Tribhuvan University Journal**
**Vol. 38, No. 2: 191-205, December 2023**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v38i2.60783**

# उत्तरवर्ती नेपाली नारी-निबन्धमा पृथक् अनुभव-अनुभूति

***साधना पन्त 'प्रतीक्षा'***

***नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर***

*इमेल : Sadhana.pant@cdn.tu.edu.np*

Received date: 5 Feb. 2023- Accepted date: 25 Nov. 2023

## लेखसार

नेपाली साहित्यमा चालिसको दशकपछि प्रवृत्तिगत विविधता देखिएको छ । विश्वपरिवेश तथा नेपाली राजनीतिक परिवेशमा देखिएका परिवर्तनको प्रभावस्वरूप साहित्यमा पनि नवीन चिन्तनहरू देखा परेका छन् । त्यसैले यो पछिल्लो अवधिलाई नेपाली साहित्यको उत्तरवर्ती चरण मानिएको छ । यस चरणको साहित्य विशेषगरी पहिचानमुखी पनि देखिन्छ । साहित्यका अन्य विधाहरूमा जस्तै निबन्ध विधाको पनि यो चरण पहिचानका सन्दर्भहरूका आधारमा महत्त्वपूर्ण मानिन्छ । विशेषगरी निबन्ध विधामा नारी स्रष्टाको उपस्थिति तथा उनीहरूका सिर्जनाले गति यसै अवधिमा लिएको पाइन्छ । यस अवधिका नारी निबन्धकारहरूका निबन्धहरूमा नारीवादी चिन्तनले महत्त्पूर्ण स्थान लिएको सन्दर्भमा प्रस्तुत अनुसन्धानात्मक लेख तयार पारिएको हो । यसमा नारीवादी सैद्धान्तिक मान्यताका आधारमा उत्तरवर्ती नारी निबन्धहरूको विश्लेषण गरिएको छ । नारीवादी मान्यताले जैविकीय आधारमा महिला र पुरुषबिच हुने भिन्नताका कारण महिलाका अनुभव-अनुभूतिहरू पनि पृथक् हुने धारणा राखेको छ । पितृसत्तात्मक सामाजिक संरचना र त्यसद्वारा निर्देशित मूल्यका कारण परिवार तथा समाजमा महिलाका भिन्न भूमिका हुन्छन् र यिनै भूमिकाका आधारमा उनीहरूका अनुभव-अनुभूतिहरू भिन्न हुने धारणा पनि नारीवादीहरूले राखेका छन् । पितृसत्तालाई नारीउत्पीडनको मूल कारक मानेको नारीवादी चिन्तनले सोही उत्पीडनद्वारा सिर्जित भिन्न अनुभव-अनुभूति नारीलिखित साहित्यमा अभिव्यक्त हुने विचार राख्दछ । यसै सन्दर्भमा प्रस्तुत लेखमा नारीवादअन्तर्गत पितृसत्ता, नारीउत्पीडन, नारी-जैविकीय अवस्था तथा पृथक् अनुभव-अनुभूतिसम्बन्धी आधारहरूको चर्चा गरिएको छ । उत्तरवर्ती चरणका नारीलिखित निबन्धहरूमा महिलाका पृथक् अनुभव-अनुभूतिको प्रस्तुतिका प्रशस्त सन्दर्भहरू रहेको निष्कर्ष पनि यस लेखमा निकालिएको छ । उत्तरवर्ती नेपाली नारी-निबन्धमा पितृसत्तात्मक मूल्यभित्र महिलाका पृथक् अनुभव-अनुभुतिको अभिव्यक्तिका केकस्ता सन्दर्भ रहेका छन् भन्ने प्राज्ञिक जिज्ञासको समाधान गर्ने उद्देश्यले तयार गरिएको प्रस्तुत लेख साहित्यिक भएको हुनाले सोही अनुरूप पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरेर विश्लेषणात्मक विधिबाट तिनको विश्लेषण गरिएको छ ।

**शब्दकुञ्जी :** पितृसत्ता, नारीउत्पीडन, जैविकीय, लैङ्गिक, मातृत्व

## विषयपरिचय

उत्तरवर्ती नेपाली नारी-निबन्ध भन्नाले नेपाली साहित्यको उत्तरवर्ती चरणमा नारी स्रष्टाहरूद्वारा लेखिएका निबन्ध भन्ने बुझाउँछ। त्यसैले यस लेखको विवेच्य विषय उत्तरवर्ती चरणका नारी-निबन्धमा अभिव्यक्त पृथक् अनुभव-अनुभूति हो । नेपाली साहित्यका अन्य विधाहरूजस्तै निबन्ध विधाको आरम्भमा नारी स्रष्टाको उपस्थिति देखिँदैन । निकै पछि मात्र यस विधामा नारी स्रष्टाको आगमन देखिन्छ । नारी स्रष्टाद्वारा लेखिएको पहिलो गद्यकृति ललितत्रिपुरसुन्दरीको *राजधर्म* (१८८१) लाई मानिएको छ। त्यसको लगभग एक शताब्दीपछि मात्र निबन्धमा नारी स्रष्टाको उपस्थिति देखिन्छ। अहिलेसम्मको जानकारी अनुसार दुर्गादेवी आचार्यणीनीलाई नेपाली निबन्धकी प्रथम नारी स्रष्टा र उनको *भार्याकर्तव्य* (१९७०) लाई नारीलिखित पहिलो निबन्धात्मक कृति मानिएको छ। यसमा परम्परागत समाजमा निर्धारित नारीवर्गको आदर्श र कर्तव्यलाई विषय बनाइएको छ । त्यसपछि भने लामो समय यस विधामा नारी सहभागिताको अभाव देखिएको छ । चालिसको दशकपछि मात्र यस विधामा नारी स्रष्टाको उपस्थिति उल्लेख्य बन्दै गरेको देखिन्छ। आरम्भमा उनीहरूले सामान्य जीवन भोगाइलाई विषय बनाइएको भए पनि पछिल्लो समयका नारी-निबन्धकारहरू समसामयिक युगबोध, लैङ्गिक विभेदप्रतिको आक्रोश, पितृसत्तात्मक मूल्यप्रति विद्रोहका साथै आफ्ना पृथक् अनुभव-अनुभूतिको प्रस्तुतिका माध्यमबाट पहिचानको खोजीका साथ उपस्थित भएका देखिन्छन् । यसै सन्दर्भमा उत्तरवर्ती नेपाली निबन्धका नारी स्रष्टाद्वारा सिर्जिएका निबन्धहरूमा अभिव्यक्त पृथक् अनुभव-अनुभूतिको निरूपणका लागि प्रस्तुत अनुसन्धान कार्य गरिएको छ ।

पाश्चात्य जगत्मा नारी स्वतन्त्रता र अधिकारसम्बन्धी आन्दोलनसँगै साहित्यमा स्थापित नारीवादी चिन्तन नेपाली साहित्यमा भित्रिएपछि यसले निबन्ध विधामा पनि आफ्नो उपस्थिति देखाएको छ । नारी स्रष्टाका निबन्धहरूमा नारीवादी चिन्तनको राम्रो अभिव्यक्ति देखिन्छ। नारीवादी चिन्तनले साहित्यमा नारीलाई केन्द्रमा राखेर हेर्दछ अनि त्यहाँ उनीहरूलाई दिइएको भूमिकाको खोजी गर्दछ । नारीलाई कृतिभित्र कसरी प्रस्तुत गरिएको छ र कसरी प्रस्तुत गर्नुपर्ने हो भन्ने कुरा नारीवादी चिन्तनको सरोकार हो । समाजमा नारीको अवस्था, उनीहरूले झेल्ने उत्पीडन, उनीहरूद्वारा गरिएको विद्रोह एवम् पहिचानको खोजी आदि विषय नारीवादी साहित्यमा हुन्छ । उत्तरवर्ती नेपाली नारी निबन्धहरूमा पनि यसप्रकारको नारीवादी चिन्तनको अभिव्यक्ति पाइन्छ ।

उत्तरवर्ती चरणका नारीलिखित निबन्धहरूमा पितृसत्तात्मक मूल्यभित्र महिलाका पृथक अनुभव-अनुभूतिको अभिव्यक्ति कस्तो रहेको छ र त्यसका माध्यमबाट पहिचानको खोजीका केकस्ता सन्दर्भहरू उठाइएका छन् भन्ने समस्याको प्राज्ञिक समाधान खोज्ने उद्देश्य यस लेखमा राखिएको छ। नेपाली निबन्धहरूको अन्य कोणबाट अध्ययन विश्लेषण गरिएको भए पनि नारीस्रष्टाका निबन्धहरूलाई नारीवादी कोणबाट अध्ययन गर्न बाँकी रहेको देखिन्छ।

नारीवादी मान्यता अन्तर्गत पनि पुरुषले भन्दा महिलाले गर्ने फरक अनुभव-अनुभूतिका आधारमा नारीलिखित निबन्धहरूको अध्ययन-अनुसन्धान भएको छैन । यही रिक्ततालाई पूरा गर्न यो लेख तयार पारिएको हो । पछिल्लो समयमा नियात्रा तथा आत्मसंसमरण-आत्मकथालाई स्वतन्त्र विधा मान्नुपर्ने धारणा आएको भए पनि त्यसअघि यी पनि निबन्धकै प्रकार मानिने हुँदा यहाँ निबन्धका साथमा आत्मसंस्मरण-आत्मकथा र नियात्रालाई पनि समावेश गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धान साहित्यिक भएको हुनाले यसका लागि पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ । यो अध्ययन निगमनात्मक विधि तथा गुणात्मक उपागममा आधारित छ । नेपाली साहित्यका नारी स्रष्टाहरूद्वारा लेखिएका उत्तरवर्ती चरणका नारीवादी चिन्तनयुक्त निबन्ध कृतिहरूलाई आधार सामग्रीका रूपमा लिइएको छ । ती निबन्धहरूमाथि गरिएका अन्य अध्ययनहरूलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ । यी कृतिहरूमा अभिव्यक्त महिलाका पृथक् अनुभव-अनुभूतिको विश्लेषणका लागि सैद्धान्तिक आधारका रूपमा नारीवादी सैद्धान्तिक मान्यताको उपयोग गरिएको छ । यसअन्तर्गत महिला तथा पुरुषबिचको जैविकीय अवस्था तथा सामाजिक मूल्य र भूमिकाले निर्दिष्ट गरेका भिन्नता, तिनै भिन्नताका आधारमा महिलाहरूले फरक अनुभव-अनुभूति गर्दछन् भन्ने मान्यताका आधारमा निर्धारित विषयको विवेचना गरिएको छ । यस अध्ययनमा विवेच्य कृतिहरूमा अभिव्यक्त महिलाका पृथक् अनुभव-अनुभूतिका सन्दर्भहरूलाई साक्ष्यसहित प्रस्तुत गरी उत्तरवर्ती चरणका नारी-निबन्धहरूमा महिलाका पृथक् अनुभव-अनुभूतिहरूका सन्दर्भहरू प्रशस्त मात्रामा भएको निष्कर्ष निकालिएको छ ।

## नारीवादी सैद्धान्तिक मान्यता

अठारौं शताब्दिको मध्यतिर अमेरिका र युरोपबाट नारी र पुरुषबिच समान अधिकारका लागि आरम्भ भएको राजनीतिक आन्दोलन नारीवादको उद्‌गम केन्द्र थियो । अमेरिकामा महिलाहरूले मताधिकार तथा सामाजिक समानताको माग गर्दै नारीवादी आन्दोलनको आरम्भ गरेका थिए भने युरोपमा श्रमिक महिलाहरूले पेशागत समानता र सुरक्षाका सन्दर्भमा यसलाई अघि बढाएको देखिन्छ । राजनीतिक आन्दोलन र सङ्घर्षका साथ अपेक्षित उपलब्धिहरू पनि हासिल गर्दै अघि बढिरहेको नारीवादी अभियानले क्रमशः साहित्यमा पनि प्रवेश गरेको देखिन्छ । नारीवादी साहित्य-समालोचनाका नामले परिचित नारीवादले साहित्यमा नारीको उपस्थिति, नारीलाई प्रस्तुत गर्ने दृष्टिकोण तथा प्रयुक्त भाषाको व्याख्या विश्लेषण गर्दछ ।

समाज विकासको प्रारम्भिक चरणमा महिला तथा पुरुष लगभग बराबरीको दर्जामा देखिनुका साथै आफ्नो समूह तथा समाजमा उनीहरूले गरेको योगदान तथा निर्वाह

गरेको भूमिकाले उनीहरूको स्थान निर्धारण गरेको पाइन्छ । *विमिन इन प्रिहिस्ट्री* पुस्तकमा मार्गरेट इरेनवर्गले प्रागऐतिहासिक कालका महिलाको अवस्थाका बारेमा खोजी गर्दै भनेकी छन्– सामूहिक जीवनयापनको चरणमा महिलाहरू सन्तान उत्पादन गर्ने तथा तिनको स्याहार गर्नमा बढी समय दिन बाध्य भए । यसले गर्दा पुरुषसँगको उनीहरूको सिकार आदि सहकार्यमा कमी हुदै गयो । यसले महिला तथा पुरुषको कार्यक्षेत्र तथा समूहगत भूमिकामा भिन्नता ल्याएको देखिन्छ (इरेनवर्ग, सन् १९९२, पृ. ४०) । नारीको स्थान आरम्भमा उच्च रहे पनि समाज विकासको चरणसँगै महिलालाई दिइएको भूमिकाका कारण उनीहरूको स्थान खस्कँदै गएको देखिन्छ । पुरुषवर्ग आफ्नो विस्तारित र महत्त्वपूर्ण भूमिका तथा कार्यक्षेत्रका कारण शक्तिशाली बने । क्रमशः मातृसत्ता विस्थापित हुँदै पितृसत्ता स्थापित हुन पुग्यो ।

मानव सभ्यताको इतिहास हेर्दा प्रारम्भको जङ्गली युगमा नारी र पुरुषबिच विभेदको रेखा कोरिएको देखिँदैन । गोत्र, कविला, वर्ग, परिवार आदि हुँदै क्रमशः विकसित भएको मानव समाजको विकास सँगसँगै लैङ्गिक विभेदको पनि आरम्भ र विकास हुँदै आएको देखिन्छ । एङ्गेल्सले परिवार तथा निजी स्वामित्वको अवधारणासँगै पुरुष र नारीमा मालिक र दासको स्थान निर्धारित हुँदै आएको विचार व्यक्त गरेका छन् । युगौंदेखि समाजमा स्थापित पितृसत्ताका कारण महिलाहरू उत्पीडनमा रहेको मान्यताका साथ त्यसबाट उन्मुक्तिको प्रयासस्वरूप नारीवादी चिन्तनको आरम्भ भएको देखिन्छ । एङ्गेल्सले परिवार, निजी स्वामित्व तथा एकनिष्ठ विवाहको अवधारणा विकास भए पछि मातृसत्ताको पूर्णतः अन्त्य भई पितृसत्ता स्थापित हुन पुगेको विचार व्यक्त गर्दै भनेका छन्– आदिम कालमा व्यापक रूपमा फैलिएको स्त्रीसत्ताको भौतिक आधार साम्यवादी कुटुम्ब समुदाय हो, जसमा सबैजसो स्त्रीहरू एउटै गोत्रका हुन्थे र पुरुषहरू अन्य विभिन्न गोत्रबाट आउँथे (एङ्गेल्स, (अनु.) २०५६, पृ. ५९) । महिलाको महत स्थान त्यतिबेलासम्म कायम रह्यो जबसम्म नारी वंशानुसारको गोत्र परम्परा अस्तित्वमा थियो ।

पितृसत्ता जति जति सबल बन्दै गयो, महिलाप्रति त्यो त्यति नै अनुदार पनि देखिन थाल्यो भन्दै सिमोन दि बुभायरले *द सेकेन्ड सेक्स*मा महिलाका बारेमा सामाजिक-सांस्कृतिक, जीव-वैज्ञानिक तथा ऐतिहासिक रूपमा व्याख्या गरेकी छन् । महिलाको दोस्रो दर्जाका बारेमा उनले लेखेकी छन्– सन्तानको जन्मको श्रेय आमालाईभन्दा बढी पुरुषको शुक्राणुलाई दिनासाथ नै परिवार र कविलामाथिको नारीको सहज अधिकार समाप्त हुनाका साथै पुरुषले अति चलाखीपूर्वक नारीलाई सम्पत्ति र सत्ताको उत्तराधिकारबाट बञ्चित गरायो । त्यसैले ऊ पहिले पिताको अनि पछि पतिको अधीनको वस्तुसरह बन्न पुगी (बुभायर, सन् १९५६, पृ. १०६-१०७ ) । पितृसत्ताभित्र सिर्जित लैङ्गिक विभेदका कारण महिलावर्ग सामाजिक/सांस्कृतिक एवम् यौनिक उत्पीडनमा रहेका देखिन्छन् ।

महिलाले जन्मजात लिएर आउने शारीरिक संरचना उसको जैविकीय अवस्थाअन्तर्गत पर्दछ । यस दृष्टिले ऊ पुरुषभन्दा भिन्न हुन्छे । शरीर संरचनाको भिन्नता तथा त्यसमा निहित विशेषताका कारण उसले विभेद भोल्नुपर्ने हुन्छ । समाज विकासको प्रारम्भिक चरणमा लैङ्गिक विभेद नभएको र पछि क्रमशः यस्तो विभेदको आरम्भ भएको मानिन्छ । यस सम्बन्धमा सिमोन दि बुभायरका विचार उल्लेख्य देखिन्छन् । प्रागऐतिहासिक कालका फिरन्ता स्त्रीहरू शक्तिशाली हुनाका साथै उनीहरूले कडा परिश्रम गर्दथे भन्ने विचार व्यक्त गर्दै उनले *द सेकेन्ड सेक्स*मा लेखेकी छन्–

> महिला शक्तिसम्पन्न भएर पनि उर्वरा थिई, उसमा प्रजनन्को क्षमता थियो जुन क्षमता पुरुषमा थिएन । महिलाको यही विशेषता उसको दासताको मूल कारण पनि बन्यो । मासिकधर्म, गर्भाधान एवम् प्रसव आदिजस्ता जैविक घटनाहरू उसको काम गर्ने क्षमतालाई ह्रास गर्ने सावित भए । यस्तो समयमा उसले पूर्णतः पुरुषप्रति निर्भर हुनुपर्दथ्यो । ऊ स्वयम् खतराको सामना गर्न सक्दिनथी भने उसलाई भोजन तथा सुरक्षाको पनि पुरुषको आवश्यकता पर्दथ्यो । (बुभायर, सन् १९५६ पृ. ८८) ।

यसरी हेर्दा के देखिन्छ भने सन्तानोत्पादनको प्रकृतिप्रदत्त गुणका कारण महिलाहरूको शारीरिक श्रमको क्षमता पुरुषका तुलनामा घट्दै जान थाल्यो । सौन्दर्य, कोमलता, भावुकता, मातृत्व, ममता आदिजस्ता विशेषताका कारण महिला पुरुषभन्दा भिन्न हुन पुगे । महिलाको जैविकीय अवस्थाका सम्बन्धमा आमूल नारीवादी केट मिलेटले *सेक्सुअल पोलिटिक्स*मा लेखेकी छन्–

> महिलाको यौनिकता र प्रजननसँग सम्बन्धित कार्यहरू विश्वव्यापी रूपमा नै अशुद्ध मानिएको छ । हालसम्मका विभिन्न साहित्य र आदिम तथा आधुनिक युगका पुराकथाबाट यसको प्रमाण भेटिन्छ । महिलासम्बन्धी विद्यमान यस्तो अवधारणा अत्यन्त मर्मस्पर्शी रहेको छ, जस्तो कि महिनावारीजस्तो प्राकृतिक प्रक्रिया एकदमै व्यक्तिगत तथा गोप्य विषय मानिन्छ (मिलेट, सन् २००० पृ. ४७) ।

महिलाको जैविकीय अवस्थाका कारण उसले पाएका केही भिन्न विशेषताहरू उमाथि हुने लैङ्गिक विभेदका कारक बनेका देखिन्छन् । जैविकीय विशेषताका कारण उसले निर्वाह गर्नुपर्ने भूमिकाका आधारमा पितृसत्ताद्वारा उमाथि लैङ्गिक विभेदको आरम्भ भएको मानिन्छ ।

जैविकीय कारणले महिलाले गर्ने अनुभव तथा अनुभूतिहरू पुरुषको भन्दा भिन्न हुने गर्दछन् । मातृत्व र तत्सम्बन्धी महिनावारी, गर्भावस्था, प्रसूति आदिजस्ता अनुभवहरू केवल महिलाले मात्र गर्न सक्छन् । यस अवस्थामा उसलाई एकातिर भिन्न प्रकारको अनुभूति हुने गर्दछ भने अर्कातिर समाजिक-सांस्कृतिक मूल्यमान्यताले उमाथि विभेदपूर्ण

व्यवहार गरेको हुन्छ । महिलाको जैविकीय अनुभव-अनुभूतिलाई सिमोन दि बुभायरले *द सेकेन्ड सेक्स*मा प्रस्तुत गरेकी छन् । पोथी जीवहरूमा मनुष्य जातिको पोथीले नै महिला हुनुको आफ्नो नियति नाटकीय तरिकाले झेल्दछे र प्रजनन्को अतिरिक्त दायित्वले नै उसलाई पुरुषको जस्तो विकासबाट अलग गर्दछ भन्दै उनले महिलाको सारा शक्ति उसको गर्भमा निहित हुने हुँदा गर्भाशयको अस्वस्थ अवस्थामा सारा सन्तुलन बिग्रन जाने, किशोर अवस्थादेखि मासिक श्रावको अन्त्यसम्म महिला शरीरमा परिवर्तन महसुस गर्ने धारणा राखेकी छन् (बुभायर, सन् १९५६ पृ. ३३-६४) । महिलाको यही जैविकीय विशेषताका कारण ऊ पितृसत्ताअन्तर्गत निर्मित लैङ्गिक विभेदमा पर्ने गरेको देखिन्छ ।

महिलाले मात्र अनुभव गर्ने यस्ता कतिपय पक्षहरू नै लैङ्गिक विभेदका कारण बनेका हुन्छन् । महिलाको शारीरिक संरचनाका कारण हुने महिनावारी तथा प्रसूति जस्ता अवस्थाका आधारमा उनीहरूमाथि हुने विभेद धेरै पुरानो हो भन्ने केट मिलेटले त्यति बेला पनि यस्तो अवस्थामा महिलाहरूलाई पुरुषसँग बसेर खाने अनुमति नभएको कुरा उल्लेख गरेकी छन् । हालसम्म पनि कतिपय पूर्वीय संस्कृतिमा यस्तो विभेद कायमै रहेको छ भन्ने मिलेटले महिलामाथिको हेयको दृष्टि तथा विभेदकारी मान्यतालाई सबैखाले धर्म-संस्कृति तथा साहित्यले प्रमाणित गर्दै आएको विचार व्यक्त गरेकी छन् (मिलेट, सन् २००० पृ. ४७) । महिलाले मात्र गर्ने यस प्रकारका भिन्न अनुभव तथा अनुभूतिलाई पितृसत्ताले उसको कमजोरीका रूपमा व्याख्या गर्ने गर्दछ । नारीवादी विश्लेषकहरू भने मातृत्वलाई महिलाको महानता र शक्ति मान्ने गर्दछन् ।

जन्मजात रूपमा नारी पुरुषबिच शारीरिकबाहेक अन्य भिन्नता नभए पनि परम्परागत पुरुषप्रधान मूल्यमान्यतामा दबिँदै आएका हुनाले नारीहरूले आफूलाई पुरुषभन्दा निम्न कोटिमा राख्ने गर्दछन् । सामान्यतया यसलाई नारीको अज्ञानता मानिए पनि मनोवैज्ञानिक दृष्टिले यसलाई नारी अचेतनका कुण्ठाको परिणति मानिन्छ । नारीको अचेतन निर्माणका सम्बन्धमा बुभायरले भनेकी छन्–

> सानी बालिकाको घनिष्टता आफ्नो बाबुसँग हुन्छ । ऊ बाबुसँग नजिक हुन्छे साथै पुरुषको सन्दर्भमा भने उसको मनमा एक प्रकारले हीनताभाव पनि उत्पन्न हुन्छ । ऊ यस्तो दुबिधामा पर्दछे, या उसले आफ्नो स्वाधीनताको समर्थन गरोस् या त प्रेमपूर्ण समर्पणमा नै सुखको अनुभव गरोस् । आरम्भदेखि नै आफ्नो सत्ताधारी बाबुसँग प्रेम गर्दै आएकी उसले आफ्नो प्रेमीमा, पतिमा पनि आफ्नै बाबुलाई खोज्छे । अतः उसको यौनगत प्रेम पुरुषद्वारा शासित हुने इच्छासँग घुलमिल भएको हुन्छ । पुरुषद्वारा दमित हुने कुराको क्षतिपूर्ति पछि उसले मातृत्वको भावनामा गर्दछे । मातृत्वले उसलाई एक नवीन प्रकारको स्वतन्त्रता दिन्छ (बुभायर, सन् १९५६ पृ. ६७-६८ ) ।

नारी बाल्यावस्थादेखि नै पुरुषसत्ताको निकटता अनि प्रेममा पोषित हुनाले उसको मनोविज्ञानले पुरुषलाई आफ्नो संरक्षक तथा भर्ता मानेको हुन्छ । त्यसैले उसमा रक्षिताभाव विकसित हुने गर्दछ । यस्तो भावका कारण ऊ पुरुषबिना आफूलाई अपूर्ण मान्ने गर्दछे । समाजमा स्थापित धार्मिक तथा सांस्कृतिक मूल्य-मान्यताभित्र प्रायः महिलावर्ग विभेदित र उत्पीडित हुने गर्दछन् भन्ने धारणा नारीवादीहरूले राख्ने गर्दछन् । संसारका सबैजसो धार्मिक तथा सांस्कृतिक मूल्यमान्यताहरू पुरुषद्वारा स्थापित भएका हुनाले यसमा महिलाको स्थान नगन्य देखिन्छ । त्यसैले धर्म-संस्कृतिका माध्यमबाट महिलावर्ग बढी प्रताडित हुने गर्दछन् ।

वर्तमानमा पितृसत्तालाई एउटा सामाजिक संस्थाका रूपमा लिइन्छ, जुन संस्थाभित्र महिला र पुरुषबिच अनेक विभेदकारी नीति नियमहरू बन्ने गर्दछन । पितृसत्ता भनेको परिवारको बुजु्रक पुरुषको सत्ता अथवा शासन हो भन्ने विचार कमला भासीनले राखेकी छन् । उनले *ह्वाट इज पेट्रियार्की ?* भन्ने पुस्तकमा पितृसत्ताले महिलाको जीवनका विविध पक्षका साथै महिलाको प्रजनन् शक्ति तथा यौनिकता नियन्त्रण गर्ने कुरा उल्लेख गरेकी छन् (भासीन, सन् १९९८, पृ. ६-११) । पितृसत्ताद्वारा निर्देशित सामजिक-सांस्कृतिक मूल्यका कारण भोग्नुपरेको उत्पीडन तथा जैविकीय एवम् मनोगत अवस्थाले गर्दा महिलाका अनुभव-अनुभूति पुरुषकाभन्दा पृथक हुने गर्दछन् ।

## विश्लेषण र परिणाम

चालिसको दशकमा नेपाली निबन्धमा पारिजातको उपस्थिति महत्त्वपूर्ण मानिन्छ तर उनका तीनवटै कृतिहरू *धुपी सल्ला र लालीगुराँसको फेदमा* (२०४३), *एउटा चित्रमय सुरुवात* (२०४५) र *अध्ययन र संघर्ष* (२०५०) संस्मरणका रूपमा रहेका छन् । त्यसपछि प्रकाशित नारीस्रष्टाका निबन्ध कृतिहरू यसप्रकार रहेका छन्– सुधा त्रिपाठीका *बादल, धर्ती र आस्थाहरू* (२०५०), *जीवनसूत्र र स्वप्नभाष* (२०५३), *सुट, टाई र सुँगुर* (२०५९) र *अमर सिर्जना* (२०६५), इन्दिरा प्रसाईको *प्रिय नरेन्द्र* (२०६१), हरिकला उप्रेतीका *गोर्खेलौरी* (२०६२) र *चड्कन* (२०७५), मोमिलाको *ईश्वरको अदालतमा आउटसाइडरको बयान* (२०६३), शारदा शर्माका *अग्निस्पर्श* (२०६३) र *समयको तस्विर* (२०७०), बाबा बस्नेतको नारी *प्रश्नै प्रश्न* (२०६३), झमक घिमिरेको *बेमौसमका आस्थाहरू* (२०६३), रजनी ढकालको *हत्केलामा असार उमारेर* (२०६४), गायत्री लम्सालका *कलेजमा क्यान्सर* (२०६६), *बोक्सी मन्त्र* (२०६६), र *भरपाई* (२०७४), वानीरा गिरिका *पर्वतको अर्को नाम पार्वती* (२०६७) र *जंगल जंगल* (२०६९), भवानी क्षत्रीको *आमाहरू* (२०६८), रञ्जुश्री पराजुलीको *स्वप्नस्पर्श* (२०७१), कुमारी लामाको *उज्यालो अन्धकार* (२०७१), अजिता सिंखडाको *रङ* (२०७७), अञ्जना वस्ती भट्टराईको *समय संवेग* (२०७८), ज्ञानू पाण्डेको *जीवनको अभिनन्दन* (२०७९), रुकु कार्कीको *जीवनका विविध आयाम* (२०७९), रञ्जना निरौलाको *अनुभूतिको अवतरण* (२०७९) आदि । उपर्युक्त निबन्ध कृतिहरूमध्ये *अमर सिर्जना, पर्वतको अर्को नाम पार्वती, अग्निस्पर्श, ईश्वरको अदालतमा आउटसाइडरको बयान, नारी प्रश्नै प्रश्न,*

*आमाहरू, बेमौसमका आस्थाहरू* निबन्ध कृतिहरूमा नारीवादी चिन्तनको अभिव्यक्ति प्रबल देखिन्छ । रञ्जुश्री पराजुली, अजिता सिंखडा, अञ्जना वस्ती भट्टराईका निबन्धहरू तथा हरिकला उप्रेती र गायत्री लम्सालका हास्यव्यङ्ग्य निबन्धहरूमा पनि केही मात्रामा सो चिन्तनको अभिव्यक्ति भएको पाइन्छ । उपर्युक्त निबन्धहरूमा महिलाले मात्र गर्ने पृथक् अनुभव तथा अनुभूतिहरू अभिव्यक्त भएका छन् ।

नारी स्रष्टाहरूका नियात्रा, आत्मकथा तथा संस्मरणहरू पनि प्रशस्त मात्रामा प्रकाशित भएका छन् । तीमध्ये रुकु कार्कीको *बन्धनबाट मुक्ति* (२०७३), इल्या भट्टराईको म *साँच्चीकै हराइछु* (२०७४), गायत्री घर्तीमगरको *एक भूल* (२०७५) सुधा भट्टराईको *संस्मरण : यात्रा* (२०७८) आदि नियात्रा तथा संस्मरणहरूमा महिलाको पृथक् अनुभव-अनुभूतिको प्रस्तुति पाइन्छ ।

उत्तरवर्ती चरणका नारी-निबन्धहरूको अध्ययन गर्दा तिनमा हृदय संवेद्यता एवम् पृथक् अनुभव-अनुभूतिको प्रस्तुतिका प्रशस्त सन्दर्भहरू देखिन्छन् । कोमलता नारीको जैविकीय विशेषता भएको हुनाले उनीहरूको अभिव्यक्तिमा पनि त्यस्तै कोमलता देखिन्छ । नारी स्रष्टाहरू पुरुषभन्दा तुलनात्मक रूपमा स-साना कुरामा गहिरिने गर्दछन् । उनीहरूले हृदयबाट प्रेरित भएर लेख्ने हुनाले ती सिर्जनाहरूमा हृदयलाई स्पर्श गर्ने सामर्थ्य देखिन्छ । महिला र पुरुषका भावना, अनुभव-अनुभूतिहरू भिन्न-भिन्न हुन्छन् । महिलाका अनुभव-अनुभूति पुरुषले गर्न सक्दैनन् । उदाहरणका रूपमा मातृत्व, प्रसव आदि जस्ता कुराहरू महिलाका मात्र हुन्छन् । यति मात्र होइन, महिलाले परिवार तथा समाजमा जुन भूमिका पाएका हुन्छन् त्यसको पनि पृथक् अनुभूति उनीहरूसँग हुन्छ । भावुकता, कल्पनाशीलता, मायाप्रेम, कर्तव्य-दायित्वका सापेक्षतामा महिलाका भोगाइहरू पृथक् हुन्छन् । यसै यथार्थलाई नारी स्रष्टाका निबन्धहरूले पनि आत्मसात् गरेको पाइन्छ ।

पारिजातले *धुपी, सल्ला र लालीगुराँसको फेदमा* कृतिमा स्वास्नीमान्छेमा हुने भिन्न पहिचानबोधको अभिव्यक्ति गरेकी छन् । यौवन अवस्थामा पदार्पण गरेकी स्वास्नीमान्छेमा जब रजस्वलाको प्राकृतिक प्रक्रिया आरम्भ हुन्छ तब उभित्र एउटा भिन्दै अनुभूति पनि आरम्भ हुन्छ । प्रेमबोध तथा उत्तरदायित्वबोध दुवैको सुरुवात त्यहीँबाट हुने गर्दछ । यसै सन्दर्भमा उनी आफ्ना भाव यसरी व्यक्त गर्दछिन्–

> गुराँसको फूलमा नस्टाल्जिया लुकेको छ मेरो निम्ति ती दिनहरूमा तर यसले हाँसो खुशी केही पनि दिँदैन । ठम्याउन नसकिने सम्झना अझै पनि आइरहन्छ । तेह्रौं वर्ष शुरु हुँदा म शरीरले, मनले तरुणी भइसकेकी हुन्छु, एउटी स्वास्नीमान्छे अस्तित्वबोध भइसकेकी स्वास्नीमान्छे, केही धारणाहरू राख्न सक्ने स्वास्नीमान्छे, गुण गाउन सक्ने, निन्दा गर्न सक्ने, माया गर्न सक्ने, घृणा गर्न सक्ने स्वास्नीमान्छे,

> प्रेमबोध हुन सक्ने, यसलाई परिभाषा दिन सक्ने तथा उत्तरदायित्व बोक्न सक्ने स्वास्नीमान्छे (पृ.४२) ।

सुधा त्रिपाठीको *अमर सिर्जना* निबन्ध कृतिभित्रको निबन्ध 'अमर सिर्जना' मातृमहिमाले ओतप्रोत देखिएको छ । मातृत्वप्रतिको गर्वको प्रस्तुति भएको यस निबन्धमा मानिसलाई सृष्टिको सर्वोत्तम तथा अमर सिर्जना भन्दै त्यो सिर्जनाको श्रेय ब्रह्मालाई नभएर नारीलाई दिइनुपर्ने धारणा अघि सारिएको छ । महिलाले अनुभव गर्ने अत्यन्त कठिन र पीडादायी प्रसववेदनाको अभिव्यक्तिले पाठकको हृदय छुने सामर्थ्य राख्दछ । यस निबन्धको एउटा अंश यस्तो छ-

> महाकाव्य, उपन्यास आदि लेख्नु तथा मानवको सृष्टि गर्नु उस्तै कुरा हो र यति सुन्दर अमर सिर्जना तथा जीवनको निरन्तरतासँग लाज गाँसिनुहुँदैन किनभने सिङ्गो सिर्जनाप्रक्रियासँग सम्बद्ध भएकाले यसको नकारात्मक असर केवल महिलाका जीवनमा परेको छ । जसरी पानीले महिला र पुरुषलाई उस्तै गरी र उत्तिकै भिजाउँछ, आगोले उत्तिकै जलाउँछ त्यसैगरी लाजको बन्धन पनि दुवैलाई उत्तिकै रहनुपर्छ । माता स्रष्टा हो, जीवन वरदायिनी प्रकृति हो र हो सृष्टिकेन्द्रकी धरोहर पनि । माता हुनुका सन्दर्भले दुःखको जुन मात्रा महिलाका भागमा पर्दछ त्यो अवश्य दुर्लङ्घ्य पहाडसरह छ तर सुखको मात्रा पनि त्यसभन्दा कम छैन । 'आमा हुनु' मा निहित त्यही आत्मिक सुखको मात्राले ऊ सन्तानसँग गाँसिएका अधिकांश दुःखहरू सहन सक्षम बन्दछे (पृ. ५) ।

एकातिर समाजमा युगौंदेखि स्थापित पुरुषप्रधान संस्कृतिले महिलालाई स्वतन्त्र भएर बाँच्न सहज छैन भने अर्कातिर महिला स्वयम्ले गर्ने कर्तव्यबोधका कारण उसको जीवन आफ्ना लागि भन्दा पनि अरूकै लागि खर्चिरहेको हुन्छ । भनिन्छ महिलाको जीवन अरुलाई उज्यालो दिँदादिँदै सकिने मैनबत्तीजस्तै हुन्छ । त्यसैले नारी सिर्जनामा समेटिएका यस्तै भावनाहरूले पाठकको मन छुने गर्दछन् । स्थापित सामाजिक/सांस्कृतिक मूल्यभित्र पुरुष केवल आफ्ना लागि बाँच्न सक्छ । ऊ स्वतन्त्र र उन्मुक्त भएर हिँड्न पाउँछ तर नारीलाई भने अनेक दृश्य-अदृश्य बन्धनहरूले जकडेका हुन्छन् । त्यसैले ऊ चाहेर पनि उन्मुक्त हुन सक्दिन । यसै यथार्थको साक्षी बनेको छ इल्या भट्टराईको नियात्रा कृति *म साँच्चिकै हराइछु* भित्रको सोही शीर्षकको निबन्ध । उनले आफू एक्लै स्वतन्त्र भएर यात्रा गर्दाको अनुभूति यसरी अभिव्यक्त गरेकी छन्-

> म आफैमा हराइछु .... हो । म हराउन त हराएकै हुँ । तर अरू कसैको भर पर्न नपरी म आफै त्यो परिवेशलाई आत्मसात् गर्दैछु भन्ने आत्मसन्तुष्टिको भावनामा म यतिखेर हराइरहेकी रहिछु। आज आफूले आफैलाई अन्वेषण गरेका आत्मविश्वासको आनन्दमा म पुलकित छु । सधैँ अरूका लागि खण्ड खण्डमा बाँडिएको थियो मेरो

> व्यक्तित्व । म, म थिइन । छोरी, बुहारी, पत्नी, आमाको भूमिकामा आफूलाई विसर्जित गर्दागर्दै सिङ्गो म कतै छेकिएकी थिएँ । तर यो सिङ्गै प्रकृतिमा आज म स्वयं आफूमात्र हुँ भन्ने भावले विभोर भएकी छु ... यतिखेर म कसैको पनि होइन । म ... म मात्र हुँ । एउटा सग्लो व्यक्तित्व .... आज म अविभाजित छु । म मेरै लागि छु । यही सुखानुभूतिमा आज म साँच्चि नै हराइछु (पृ. १२-१३) ।

नारी स्रष्टाका अभिव्यक्तिमा आफू नारी हुँ भन्ने पृथक् सोच पनि देखिने गर्दछ । यही सोचले नारीलाई कहिले सुखानुभूति गराउँदछ भने कहिले पीडानुभूति पनि गराएको हुन्छ । समाजमा स्थापित पितृसत्ता एवम् त्यसद्वारा निर्देशित संस्कृतिले कोरेका अनगिन्ती विभेदका रेखाहरू बिच नारी र पुरुषका भोगाइमा समानता नदेखिनु स्वाभाविक हो । नारी स्रष्टाहरू पनि यसै परिवेशका उपज भएकाले उनीहरूका सिर्जनामा उनीहरूले सदा आबद्ध भइरहनुपर्ने परिवेश समेटिएको हुन्छ । विभेदकारी संस्कृतिभित्र आफ्नो अस्तित्व खोज्दै सो संस्कृतिका मूल्यहरूको निर्वाह पनि गर्दै अघि बढ्नु आफैमा कष्टकर यात्रा हो । त्यसैले नारी स्रष्टाका निबन्धहरूमा यस्तै यथार्थको प्रस्तुति पनि हुने गर्दछ जसले भावकलाई पनि स्रष्टाका भोगाइ एवम् आँसु-हाँसोसँगै उद्वेलित गराएको हुन्छ । यसै सन्दर्भमा सुधा भट्टराईको *संस्मरण : यात्रा* कृतिभित्रको ‘ओ हो ! मेरो प्रिय भान्सा’ निबन्धको केही अंश यस्तो छ-

> म अर्थात् एउटी नारी । एउटी महिला । एउटी स्त्री ... । म अर्थात् एउटी छोरी, एउटी पत्नी, एउटी आमा । दिदी-बहिनी, भाउजू ..... मूलतः म माता-आमा हुँ । अर्थात् मातृत्वशक्ति नारीको मुख्य शक्ति हो । मातृत्वशक्ति नै सृष्टिको आधार हो । मातृत्वले नै संसार चलेको छ । नारीमातृशक्ति ठूलो बल र गर्व पनि हो .... म बढ्दै गएँ बुझ्दै गएँ, थाहा पाउँदै आएँ नारी हुनुको विशेषता के रहेछ । हामी दिदी बहिनी र दाजुभाइका बीच पनि कति धेरै अन्तर हुँदोरहेछ । दाजुभाइले चुलोचौको पानी केही गर्नु नपर्ने । दिदी बहिनीले चाहिँ बामे सर्न थालेपछि नै घरधन्दा सुरु गरिहाल्नुपर्ने .... सत्तरी पुग्न लाग्दा पनि मेरो प्यारो धन्दाले छोडेको छैन । आफ्ना शरीरका अङ्गले छोड्न थालेको छ । (पृ. १४९-१५२) ।

नारी एक हो र पनि उसका भूमिका अनेक हुन्छन् । एउटा भूमिका निर्वाह गर्दा अर्को अधुरो र अपुरो रहने गर्दछ । नारी मन पनि सुखापेक्षी हुन्छ तर उसले अरूलाई खुसी पार्दापार्दै आफू पनि खुसी हुनुपर्छ भन्ने बिर्सेकी हुन्छे । आफ्ना सारा सुखद पलहरू सन्तानका लागि रित्याएर अन्तमा ऊ एक्लिन्छे मात्र होइन हुर्कंदो उमेरदेखि उमाथि आएको दायित्व जीवनको उत्तरार्द्धमा पनि हटेको हुँदैन । नारी बिन्धकारका निबन्ध पढ्दा यस्तो भावको अभिव्यक्ति पाइन्छ– पीडा पिएर अरूलाई हँसाउने नारी, आफू काँडामा उनिएर फूल फुलाउने नारी, सन्तानको सुखमा संसार भुलाउने नारी । नारी आफैमा एउटा रहस्य हो । साँच्ची ! नारी नहुँदी हो त संसार कस्तो हुँदो हो ? यस्ती रहस्मयी नारीका भावना, उनीहरूको जीवन गोरेटोका सब्ल्याँटा बिब्ल्याँटा पाटाहरूलाई नारी स्रष्टाहरूले आफ्ना

निबन्धमा अभिव्यक्त गरेको देखिन्छ । एउटा भिन्न अनुभूतिमा पाठकलाई डुबाउँछन् यस्ता निबन्धहरूले । अजिता खतिवडाको *रङ* निबन्ध कृतिभित्रको 'म को हुँ ?' निबन्धमा यस्तै भावाभिव्यक्ति पाइन्छ । यसको एउटा अंश यस्तो छ-

> एउटी महिला भएको नाताले मलाई बच्चा जन्माउन मन लाग्यो र म आमा बनेँ तर उनीहरूसँग बसेर खेल्ने तातेताते गर्दै हिँड्न सिकाउने, लुगा लगाइदिने, मीठो पकाएर खान दिने समय मसँग छैन । त्यसैले म असल आमा पनि होइन .... अलिकति शिक्षित नारी हुँ यसैले स्वाभिमानसँग बाँच्न मन लाग्छ ... फलस्वरूप अफिस जान्छु तर कहिले पनि समयमा अफिस पुग्न सक्दिनँ- त्यो मेरो बाध्यता हो । किनभने मलाई घरको सारा काम सकेर हिँड्नुपर्ने हुन्छ त्यसैले म असल कर्मचारी पनि होइन .... म हस्पिटल जान्छु, बिरामीको उपचार गर्छु, बिरामी जाँच्छु । बिरामी जाँचिरहेको बेला मलाई भरे पकाउने तरकारी र अचारको चिन्तनले सताइरहन्छ- त्यसैले म असल चिकित्साकर्मी पनि बन्न सक्दिनँ (पृ. २२-२३) ।

पितृसत्तात्मक सामाजिक संरचनाभित्र निर्मित लैङ्गिक विभेदका कारण पुरुषहरू स्वतन्त्र र उन्मुक्त हुन्छन् भने महिलाहरू दोहोरो-तेहोरो मार खेपिरहेका हुन्छन् । पुरुषका तुलनामा अत्यधिक श्रम गर्ने उनीहरूको श्रमको मूल्य हुँदैन । शिक्षा र सम्पत्तिको अधिकारबाट पनि उनीहरूलाई वञ्चित गराइएको हुन्छ । त्यसैले त्यस्ता महिलाहरू जहाँ गए पनि दुःखद नियति झेल्न बाध्य हुन्छन् भन्ने यथार्थको प्रस्तुति वानीरा गिरीको *पर्वतको अर्को नाम पार्वती* शीर्षकको निबन्धमा गरिएको छ । यसको एउटा अंश यस्तो छ-

> पार्वतीहरूका ढुङ्गे भाग्यमा दुर्भाग्यको अर्को रेखा पनि कुँदिएको हुन्छ- उनीहरू कहिल्यै नथाक्ने मानव-श्रम (Man Power) हुन् घर र माइतीको निम्ति । यिनीहरू बिहान हुनुअघि उठ्छन् । जाँतो, ढिकी गर्छन् । पानी भर्छन् । मालजाल हेर्छन् । गोबर-पानी गर्छन् । पकाउँछन् । खुवाउँछन् । बारी-बिरुवा हेर्छन् । बच्चा पनि पाउँछन् । हुर्काउँछन् । पार्वतीका शिवहरू उठ्छन् । बिँडी फुक्छन् । खान्छन् । तास खेल्छन् । तोङ्वा तान्छन् । गफ गर्छन् । भाङ तान्छन् । बच्चा पाउन मद्दत गर्छन् .... कहिलेकाहीँ पार्वतीहरू पर्वतसँगको मोहपाशबाट छुट्टिएर अलग्गिएर बस्न पनि खोज्छन् । रमणीय पर्वतीय वातावरणको कठोर ढुङ्गे जीवनबाट छुट्कारा लिन खोज्छन् तर ढुङ्गा जस्तै कठोर ललाटमा सुखका भाग्यरेखाहरू सहजै कहाँ खिँचिएका हुन्छन् र ? पर्वतबाट तल-तल झर्न खोज्दा उनीहरू अँध्यारा गल्लीहरूमा जाकिन पुग्छन् जहाँ शरीर बेचिने धन्दा गर्नुपर्छ उनीहरूले । श्रापित अप्सराझैँ हुन पुग्छन् उनीहरू (पृ. ५३-५४) ।

जुनसुकै भौगोलिक एवम् सामाजिक/सांस्कृतिक परिवेशमा पनि महिला विभेदग्रस्त हुने कटु यथार्थलाई नारी निबन्धकारहरूले आफ्ना निबन्धमा उतारेका छन् । समाजमा स्थापित पुरुष श्रेष्ठताको संस्कृतिका कारण महिलाहरू यथास्थितिबाट माथि उठ्न सक्दैनन् । उनीहरू आफ्नो जीवनलाई अभिशप्त भोगाइ मान्दै जिउन बाध्य हुन्छन् । उनीहरूको बाध्यता, सहनशीलता अन्ततः असन्तुष्टि र विद्रोह विस्फोट हुन पुग्छ । विद्रोही बनेर उनीहरू आफ्नो अस्तित्व र पहिचानका लागि अग्रसर हुन बाध्य हुन्छन् । यसप्रकारको अभिव्यक्ति पनि नारी लिखित निबन्धहरूमा पाइन्छ तर पुरुष स्रष्टाका निबन्धमा पाइँदैनन् किनभने यस्ता भोगाइ महिलाका मात्र हुन्छन् ।

पितृसत्तात्मक समाजमा महिलाका लागि निश्चित घेराहरू बनाइएको हुन्छ । जो महिला आफूलाई पितृसत्ताले निर्धारण गरेको सीमाभित्र राख्न सक्छे ऊ आदर्श कहलाउँछे तर जसले आफूलाई एउटा स्वतन्त्र मानव ठानेर समाजमा पुरुष सरह हक अधिकार खोज्न थाल्छे उसलाई अपराधी जस्तो गरी हेरिन्छ । स्वतन्त्र उडान गर्न चाहने महिलाको पँखेटा काट्न समाजको विभेदकारी संस्कृतिले हर प्रयास गर्दछ । त्यसको डटेर सामना गर्ने नारीलाई विद्रोही मानिन्छ । यस्तै विद्रोही भावको निबन्ध हो मोमिलाको 'ईश्वरको अदालतमा आउटसाइडरको बयान' । यसको एउटा अंश यस्तो छ-

> आज, तिम्रो ईश्वरको अदालतमा म मेरा आफ्नै स्वीकृत पृष्ठभूमि सहित उभिएकी छु । पितृसत्ताको सामाजिक नजरमा छोरीमान्छे भएर जिन्दगीलाई गजबसित मस्तसित हाँसेरै उत्सवमय बनाई बाँचेकोमा मलाई आज यसरी अपराधीका रूपमा यो अदालतको कठघरामा उभ्याइएको छ । तर केही छैन, म मेरा अपराधहरू सहर्ष स्वीकार गर्छु, जुन मेरा अपराधहरू गजबका छन्, बडो रोचक छन् (पृ. ७६) ।

छोरीमान्छेले आफ्नो इच्छाअनुसार बाँच्न चाहेमा उसलाई सामाजिक अपराधी ठानेर अनेक मानसिक यातनारूपी सजायँ दिने पितृसत्तात्मक सामाजिक अदालतमा कैयौँ महिलाहरू प्रताडित छन् । यसो भए पनि सबैले त्यस्तो प्रतिवाद गर्ने क्षमता राख्दैनन् । जो अस्तित्वबोधी र विद्रोही हुन्छन्, उनीहरू प्रतिवाद गर्दै आफ्नो जीवन आफ्नै इच्छामा जिउँछन् । मान्छे त्यसरी नै बाँच्नुपर्छ जसरी ऊ बाँच्न चाहन्छ । नारी पनि मान्छे नै हो अतः ऊ पनि अरूको इच्छामा होइन, आफ्नै इच्छामा बाँच्नुपर्छ । यस्तै विद्रोही भाव यो निबन्धमा छ ।

पुरातन सामाजिक संरचना, त्यसभित्र स्थापित विभेदकारी मूल्य एवम् प्रकृतिप्रदत्त विशेषताका कारण एउटै बाटोमा हिँड्दा पनि महिलालाई पाइला-पाइलामा ठेस लाग्ने गर्दछ भने पुरुष निर्बाध, हिँडिरहेको हुन्छ । कहिले आफ्नै कमजोरीका कारण त कहिले अरूले गरेको बेइमानीका कारण महिलाहरू पीडित बन्ने गर्दछन् । जीवनको कठिन यात्रामा रगताम्मे पाइला चाल्दै पनि उनीहरू परिवार-सन्तान तथा आफन्तका लागि भन्दै ओठमा बनावटी मुस्कान छरेर बाँच्ने गर्दछन् । यस्तै जीवनबँचाइको कथा हो गायत्री घर्तीमगरको आत्मकथा

*एक भूल* । यो आत्मकथा अत्यन्त मार्मिक तथा हृदयलाई चस्काउने खालको छ । एउटी नारीले जीवनमा गरेको एउटा भूलका कारण उसले आजीवन खेपेको पीडाको भुँमरीको अभिव्यक्ति छ यसमा । यसको सानो अंश यस्तो छ-

> मेरो उमङ्गभरि असिना दर्कियो र सुइरोले घोच्यो मुटुभरि चसक्क-चसक्क गरेर । जब थाहा पाएँ मैले उनकी दोस्री श्रीमतीको दर्जा पाएँ भनेर .... मैले महसुस गरेँ म छलिएँ, म ठगिएँ । जीवनभर सौतामाथि गएको कलङ्कको टीका लगाउने भएँ .... तर म कहिल्यै सच्याउन नमिल्ने गरी छलिएकी थिएँ । भूल सच्याउन समयले बाटो काटिसकेको थियो, मेरो स्वच्छन्द बनेर उड्ने रहरहरू खोसिएका थिए मबाट .... म गह्रुँगो मन लिएर दुलाहाबिना नै मूलघर भित्रिन जाँदै थिएँ । (पृ. २७-३०) ।

प्रकृतिप्रदत्त भिन्न विशेषताका कारण पुरुषका भन्दा महिलाका भोगाइहरू पनि भिन्न हुन्छन् । यसै सन्दर्भमा पछिल्लो समय निबन्ध विधामा सक्रिय नारी सर्जकहरूका रचनामा सोही भिन्न अनुभव-अनुभूतिको अभिव्यक्ति देखिन्छ । विशेषगरी मातृत्वका सन्दर्भमा यस्ता अभिव्यक्ति बढी पाइन्छन् । विवाह एवम् सन्तान उत्पादनमा महिला र पुरुषको समान सहभागिता भए पनि त्यसपछिका भोगाइ दुवैका समान हुँदैनन् । त्यसैले रुकु कार्कीले *बन्धनबाट मुक्ति*मा पहिलो प्रसव वेदना र तत्सम्बन्धी भोगाइलाई यसरी व्यक्त गरेकी छन्-

> म बच्चा जन्माउनका लागि पतिजीको साथ छोडी मनहरीमा सासू ससुरा र जेठानीको शरण लिन पुगेँ । पहिलो अनुभव, बच्चा कसरी जन्माउने ? मन सशङ्कित थियो .... गर्भावस्थाको दशौँ महिना लाग्यो म भारी शरीर लिएर हिँड्दाहिँड्दै अत्तालिइसकेकी थिएँ । लाग्थ्यो-कहिले कसरी मेरो शरीर हलुका होला ? .... बच्चा जन्मने दिन नजिकिँदै जाँदासमेत कामबाट मुक्त भइनँ .... राति नै थियो, घरमा छोरो जन्मिएपछि सबैजना हर्षविभोर भए .... सुत्केरीमा खानु नै के थियो र ? भात र गुन्द्रुकको झोल देख्ता वाक्क आइसकेको थियो .... खानु त पऱ्यो नि बाँच्नकै निम्ति पनि ! फेरि अब त ममात्र थिइनँ, मायाको डोरो नवजात शिशु छेउमै सुतिरहेको थियो .... हलौँ भए पनि शिथिल शरीरमा रक्तश्राव रोकिइसकेको थिएन । .... सामाजिक संरचना र धार्मिक परम्पराको सङ्कुचित घेराले गर्भवती पत्नीले पतिको साथ पाउन निकै गाह्रो थियो । प्रसव पीडामा कसैका पनि पति घरमा बस्ने चलनै नभएको कस्तो समाज ? (पृ. ११२-११५) ।

नारी स्रष्टाले गरेका अनुभव एवम् अनुभूतिजन्य यस्ता पीडादायी तथा मर्मस्पर्शी भावहरू उनीहरूका सिर्जनामा पनि अभिव्यक्त भएका पाइन्छन् । यसले कुनै कालखण्ड तथा समाज र सामाजिक परम्पराको बिम्बन पनि गरेको हुन्छ । नारी संवेदनाका यस्ता पक्षहरू केवल नारी स्रष्टाले नै प्रस्तुत गर्न सक्छन् भन्ने यथार्थको उजागर यी निबन्धहरूले

गरेका छन् । समाजमा नारी र पुरुषको समान उपस्थिति हुन्छ । उनीहरूको सहकार्यबाट नै परिवार तथा समाजले गति लिएको हुन्छ । प्रकृतिप्रदत्त विशेषता, सोही विशेषताका आधारमा परिवार तथा समाजमा महिलाले निर्वाह गर्नुपर्ने भूमिका, परम्परागत मूल्यभित्र महिलामाथि हुने विभेद आदिका कारण महिलाले मात्र गर्न सक्ने भिन्न अनुभव-अनुभूतिहरू पुरुष स्रष्टाले अभिव्यक्त गर्न सक्दैनन् । महिलाले मात्र अभिव्यक्त गर्न सक्ने यस्ता अनुभव-अनुभुति निबन्धमा प्रस्तुत हुँदा यसले विषयलाई नवीनता प्रदान गरेको छ । यसका साथै पुरुषप्रधान समाजमा महिलाको अवस्थाको बोध पनि गराएको हुन्छ ।

## निष्कर्ष

नारीवादी चिन्तन अन्तर्गत जैविकीय अवस्था, पितृसत्तात्मक मूल्य तथा त्यसद्वारा निर्देशित विभेद, भिन्न भूमिका आदिका कारण महिलाका अनुभव-अनुभूति पनि पृथक् हुन्छन् भन्ने मान्यताका आधारमा उत्तरवर्ती चरणका नारी-निबन्धहरूको अध्ययन गरेपछि ती निबन्धहरूमा नारीका पृथक् अनुभव-अनुभूतिको अभिव्यक्ति भएको निष्कर्ष निकाल्न सकिन्छ । यसका माध्यमबाट उनीहरूले आफ्नो अस्तित्व र पहिचान खोजिरहेको देखिन्छ । पराधीनताका साङ्लाहरू चुँडाएर स्वतन्त्र उडान गर्ने साहस र प्रयास जबसम्म हुँदैन तबसम्म कसैको पनि पहिचानको आकांक्षा पूर्ण हुन सक्दैन । नारीअस्तित्व र पहिचानको सन्दर्भमा पनि यही यथार्थ लागू हुन्छ । रातको अन्धकार छिचोलेपछि मात्र बिहान आउने यथार्थ जस्तै सङ्घर्ष र कठिनाइको यात्रा पार गरेपछि मात्र सफलताको गन्तव्य भेटिन्छ भन्दै महिलालाई आफ्नो पहिचानको यात्रामा लाग्ने प्रेरणा पनि नारीका निबन्धहरूमा पाइन्छ । नारी गर्वको विषय हो अतः आफूप्रति स्वयम् नारीले नै सर्वप्रथम गर्व गर्नुपर्छ । पुरुषप्रधान समाज तथा संस्कृतिले त सदा नारीलाई पुरुषको प्रतिछायाका रूपमा हेर्न चाहन्छ र हेरिरहेको पनि हुन्छ । त्यो हेराइ र दृष्टिकोणमा परिवर्तन ल्याउनका लागि सर्वप्रथम नारी नै अग्रसर हुनुपर्दछ भन्ने अग्रगामी धारणा उत्तरवर्ती नेपाली निबन्धका नारी स्रष्टाहरूले राखेका छन् । उनीहरूका निबन्धमा प्रकृति-प्रदत्त गुणका कारण नारीले गर्ने पृथक् अनुभव-अनुभूतिका साथै पितृसत्तात्मक सामाजिक/सांस्कृतिक मूल्यद्वारा महिलाले भेल्ने उत्पीडनको प्रस्तुति, सोही उत्पीडनद्वरा सिर्जिएका पृथक् अनुभव-अनुभूतिको अभिव्यक्ति पनि पाइन्छ । साथै यी निबन्धहरूमा नारी स्रष्टाहरूको आफू नारी हुनुको स्वीकारोक्ति, मातृत्वप्रतिको गर्व, परिवार तथा समाजमा आफ्नो अहम भूमिका, पुरुषप्रधान समाजले सोको सम्मान गर्न नसकेकोमा असन्तुष्टि आदिको प्रस्तुति पनि पाइन्छ । यस्ता सन्दर्भहरूको उठान गरेर नारी निबन्धकारहरूले स्थापित विभेदकारी मूल्य-मान्यतामा परिवर्तनको आवश्यकता बोध गरेका छन् । सीमान्तीकृत अवस्थामा रहेका नारीहरू स्वअस्तित्वबोध गर्दै केन्द्राभिमुख भएमा समाजमा स्थापित नारीद्वेषी मूल्यहरू भञ्जन हुँदै जाने विचार पनि उनीहरूले राखेका छन् । यसका साथै महिलाले मात्र गर्न सक्ने पृथक अनुभव-अनुभूतिको प्रस्तुतिद्वारा निबन्धमा भिन्न विषयको उठान गरिएको छ । यसबाट महिलाले के सोच्छन्, के चाहन्छन् अनि परिवार तथा

समाजलाई निरन्तर गति प्रदान गर्न तथा त्यसमा सन्तुलन कायम गर्नका लागि उनीहरूले कस्तो योगदान गरिरहेका छन् भन्ने यथार्थको उजागर पनि भएको छ । यो उत्तरवर्ती नारी-निबन्धको मूल प्राप्ति पनि हो ।

## सन्दर्भ सामग्रीसूची


इरेनवर्ग, मार्गरेट (सन् १९१२), *विमिन इन प्रिहिस्ट्री,* (दोस्रो संस्क.), ब्रिटेन : ब्रिटिस म्युजियम पब्लिकेसन्स् ।

एङ्गेल्स, फ्रेडरिख (२०५६), *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति,* (अनु. राजेन्द्र मास्के, दोस्रो संस्क.), काठमाडौँ : प्रगति प्रकाशन ।

कार्की, रुकु (२०७३) *बन्धनबाट मुक्ति,* काठमाडौँ : साझा प्रकाशन ।

गिरि, वानीरा (२०६७) *पर्वतको अर्को नाम पार्वती,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

घर्तिमगर, गायत्री (२०७५) *एक भूल,* काठमाडौँ : नइ प्रकाशन ।

त्रिपाठी, सुधा (२०६५), *अमर सिर्जना,* काठमाडौँ : साझा प्रकाशन ।

पारिजात (२०७४) *धुपी, सल्ला र लालीगुराँसको फेदमा,* (दोस्रो संस्क.), काठमाडौँ : फिनिक्स बुक्स ।

बुभायर, सिमोन दि.(सन् १९६५). *द सेकेन्ड सेक्स.* लन्डन : लो एन्ड ब्राइडन प्रिन्टर्स लिमिटेड. ।

भट्टराई, इल्या, (२०७४) *म साँच्चिकै हराइछु.,* काठमाडौँ : अक्स्फोर्ड इन्टरनेसनल पब्लिकेस प्रा.लि. ।

भट्टराई, सुधा (२०७८) *संस्मरण : यात्रा,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

भासीन, कमला (सन् १९९८) *ह्वाट इज प्याट्रियार्की ?,* (दोस्रो संस्क.), न्यु देहली : कली फर विमिन ।

मिलेट, केट (सन् २०००) *सेक्सुअल पोलिटिक्स,* सिकागो : युनिभर्सिटि अफ इलिनोइज प्रेस सन् ।

मोमिला. (२०६३). *ईश्वरको अदालतमा आउटसाइडरको बयान.* काठमाडौँ : माउन्टडिजिट पब्लिकेसन ।

सिम्खडा, अजिता (२०७७). *रङ.* काठमाडौँ : नइ प्रकाशन ।